APeer Reviewed Journal

ISSN : 2278-280X

Himalayan Research Journal

Upama Publication, Maa Super Market, Kalimpong-734301, Dist. Kalimpong, West Bengal.

Email : ehgirct@gmail.com

A Peer Reviewed Journal

ISSN : 2278-280X

# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

Vol. X No. 12 Nov-Dec 2022

*Published by*

Himalayan Scientific Society for Fundamental and Applied Research

Kalimpong

A Peer Reviewed Journal ISSN : 2278-280X

# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

Vol. X No. 12 November 2022

*Published by*

Himalayan Scientific Society for Fundamental and Applied Research
Kalimpong

हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

Vol. X | No. 12 | November 2022



**Chief Editor**

Dr. B. B. Gurung, Head & Curator, Kalimpong Science Centre

**Executive Editor**

Shri Sanjay Bista, Associate Professor, Kalimpong College

**Editors**

Dr. Sajeed Ali, Professor, RRS (Hill Zone), UBKV, Kalimpong

Dr. Pranay Bantawa, Assistant Professor, Kalimpong College

Dr. Dev Chandra Subba, Assistant Professor, Sikkim University, Sikkim

**Honorary Editors**

**Dr. Sunil Kaul**, Chief Senior Research Scientist,

National Institute of Advanced Industrial Science & Technology (AIST), Japan

**Prof. Gaurav Desai,** Tulane University, USA

**Prof. Narayan Chalisey,** Nepal Sanskrit University, Nepal

**Dr. Bimal Sharma,** Xishuangbanna Tropical Botanical Garden

Chinese Academy of Science, China

**Prof. Manoj Sharma,** Electrical College of Science of Technology, Phuentsholing, Bhutan

हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

Vol. X No. 12 November 2022

Contents / विषय सूची

**शोध-पत्र** **पृष्ठ/Page**

- **लीला लेखनका अवधारणा** **9**
  उदय छेत्री
- **कवि सुधीर छेत्री र उनको *फेरि अर्को अनुष्टुप*** **16**
  वासुदेव पुलामी
- **लैङ्गिक समानता अनि सम्भाव्यताभित्र**
  **नेपाली एकाङ्की 'म फेरि फर्केर आउनेछु' : एक परिचर्चा** **21**
  योगेश खाती
- **माछाको मोल कथाको काल पठन** **30**
  बलराम सापकोटा
- **भारतेली नेपाली चलचित्रको इतिहास** **35**
  सोनाम शेर्पा
- **नेपाली र असमिया भाषाका उखानमा प्रतिबिम्बित सामाजिक जीवन** **42**
  अनिल कुमार विश्वकर्मा

**Research Article**

- **Can a Poet Save Nature ? Ecocritical Study on Terence Mukhia's Collection** **51**
  Bedika Rai
- **Revitalizing Public Libraries of Darjeeling and Kalimpong Hills : A Suggestive Roadmap** **63**
  Avijit Rai et al

# भारतेली नेपाली चलचित्रको इतिहास

**सोनाम शेर्पा**
**नेपाली विभाग, गोरूबथान सरकारी महाविद्यालय**

**लेख विवरण**
**प्राप्त :** ५ अक्टोबर २०२२ **संसोधित प्राप्त :** २० अक्टोबर २०२२ **स्वीकृत :** ३० अक्टोबर २०२२

**सार**

*चलचित्रको महिमा र गरिमा विश्वमा सौष्ठवमयी रहेको छ । यसलाई साहित्यका विभिन्न विधाहरूमध्ये एउटा लोकप्रिय र मनोरञ्जनपूर्ण विधा मानिन्छ । चलचित्र अन्यान्य साहित्यिक विधाहरू भन्दा रसिलो र भावक सहृदय हुन्छ । दुइसय भन्दा पुरानो इतिहास रहेको चलचित्रले आज भारतेली नेपाली समाज र संसारमा एउटा छुट्टै माइल खुट्टी निर्माण गरेको आभास हुन्छ । आफ्नै परम्परा, इतिहास, व्यथा र पिडा बोकेर हिँडेको भारतेली नेपाली चलचित्रले आजको स्थितिमा आइपुग्दा धेरै गल्ली र गलछेडा पार गरिसकेका छन् ।*

*सन् १९५० के दशकदेखि चलचित्र जगतमा पाइला चालेको भारतीय नेपाली चलचित्रको इतिहास जतिको लामो छ, त्यतिकै यसको लामो पिडा पनि छ । विभिन्न अमिलो घाँम, कालो उज्यालो, रातो साथ, लुलो दर्शक, लङ्गडो प्रचार आदिको साथ पाएर पनि अन्य भाषा र देशबाट निर्मित चलचित्रसित कुममा कुम जोडाउन सक्षम छ । यसै इतिहासको रेखाङ्कन प्रस्तुत लेखमा गरिएको छ । प्रस्तुत लेखमा खोजमूलक शोध पद्धति र विश्लेषणात्मक विधि अप्नाइएको छ भने यसको पाद टिप्पणी, सन्दर्भ सूची एमएलए ह्याण्ड बुक, सातौं संस्करणलाई आधार गरिएको छ ।*

**बीज शब्द : चलचित्र, इतिहास, नेपाली चलचित्र ।**

## चलचित्रको अर्थ

'चल्' धातुमा 'अच्' प्रत्यय जोडिएर 'चल' शब्द बन्दछ भने 'चित्र् धातुमा अच्' प्रत्यय जोडिएर 'चित्र' शब्द बन्दछ । चल र चित्र दुई शब्दको योगले निर्माण भएको चलचित्रको शाब्दिक अर्थ 'चल्ने चित्र' हो ।[1] कुनै पनि स्थिर, अचल र मुर्त चित्र मुभ गर्ने भएकोले यसैलाई चल्ने चित्र वा चलचित्र भनिएको हो । विशेषगरेर जब गतिशील तस्बिर, गतिवान् चित्र वा अस्थिर चित्रमा परिवर्तन हुन्छन्, तब त्यस चित्रलाई **चलचित्र** भनिने गरिन्छ । चल र चित्र दुवै तत्सम शब्द भएकोले यसको समस्त रूप चलचित्रले सम्बन्धित विधाको अपेक्षित अर्थलाई प्रतिनिधित्व गर्दछ । यसर्थ चलचित्रलाई गतिशिल चित्रहरूको क्रमबद्ध श्रृङ्खला मानिने गरिन्छ ।

चलचित्रलाई मोसन पिक्चर (Motion Picture), फिल्म (Film), सिनेमा (Cinema), मुभी (Movie), टकी (Talky), पिक्चर (Picture), बाइस्कोप (Bioscope), पब्लिसिटि (Publicity) आदि पनि भनिने गरिन्छ । यी मध्येमा चलचित्रका लागि उपयोगी शब्द भने **मुभी** नै सठीक हुन्छ । कारण मुभ गर्ने वा चल्ने चित्रहरूलाई चलचित्र भनिने हुनाले यही मुभी शब्दनै सुहावदिलो देखिन्छ । कुनै पनि चित्र प्रर्दशन यन्त्र (प्रोजेक्टर), क्यामरा आदिका

1 . न्योपाने, सुभाषचन्द्र, सन् २०१३, **नेपाली नाटक र चलचित्र सिद्धान्त**, धरान : एनबीडी प्रकाशन, पृ. सं. १९१ ।